स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड सुपरस्टार सलमान खानका पिता तथा प्रख्यात पटकथा लेखक सलीम खानको स्वास्थ्य अवस्था बिग्रिएपछि उनलाई भेन्टिलेटरमा सारिएको छ। उच्च रक्तचापको समस्या देखिएपछि मंगलबार बिहान मुम्बईको लीलावती अस्पताल भर्ना गरिएका ९० वर्षीय खानको मस्तिष्कमा रगत जमेको र ब्लिडिङ भएको रिपोर्टमा उल्लेख छ। अस्पताल प्रशासनका अनुसार उनलाई मंगलबार बिहान साढे ८ बजे आपत्कालीन वार्डमा ल्याइएको थियो।

**आजको विचार...**



मुख्य...
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल

गत शुक्रबार (१ फागुन)बाट प्रदर्शनमा आएको फिल्म 'बिगुल'लाई निर्माताले हलबाट उतार्ने निर्णय गरेका छन्। आसन्न प्रतिनिधि सभा निर्वाचनका कारण फिल्मको रिलिज स्थगित गरिएको विज्ञप्तिमा उल्लेख छ। रमेश कोइरालाको निर्देशनमा बनेको यस फिल्ममा नीर शाह, रमेश कोइराला, बेनिशा हमाल, नरेन खड्का, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, मीरा पण्डित लगायतको अभिनय रहेको छ।



❒ वर्ष ३१ ❒ अंक २०२ ❒ २०८२ फागुन ७ गते बिहीबार 19 February 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## प्रजातन्त्रको ७६ वर्ष : मुलुकले अझै पाएन स्थायित्व

### फेरिएन जनताको अवस्था

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन ६/प्रजातन्त्र स्थापना भएको ७६ वर्ष भएको छ । आजकै दिन अर्थात् फागुन ७ गते महान् जनक्रान्तिमार्फत् नेपाली समाजलाई राणा शासनको दासताबाट मुक्त गरी आधुनिक युगमा प्रवेश गराउन ढोका खुलेको दिन हो ।

यति लामो अन्तरालमा विश्वका धेरै देशहरूले आर्थिक रूपमा कायापलट गरे । तर, नेपालले अझै स्थायित्व प्राप्त गर्न सकेको छैन् । यो अवधिमा आर्थिक विकास र समृद्धिको नारा मात्रै लागे । काम भएन । राजनीतिक परिवर्तन र संघर्षको अवस्था हेर्ने हो भने देशको विकास द्रुत गतिमा हुनुपर्थ्यो । त्यो हुन सकेन । जनतद्वारा



जनताका लागि जनताले गर्ने शासन व्यवस्था नै प्रजातन्त्र भए पनि त्यो नारा मात्रै भएको राजनीतिक विश्लेषकहरु नै बताउँछन् । राजनीतिक विश्लेषक केदार गौतम भन्छन्, "यो देश २००७ सालदेखि नै संक्रमणकालमा नै छ । २०७२ सालमा संविधानसभाबाट संविधान बने पनि संक्रमण हट्ला भने आशा थियो । तर, अवस्था त्यस्तो आएन ।" दलका नेताहरूको अदूरदर्शिता, दीर्घकालीन सोचको अभाव र आपसी खिचातानीले प्राप्त उपलब्धि नै बेलाबखत गुम्दै आएको छ । प्रजातन्त्र घोषणाको दिनले आसन मात्र होइन, देशको शासन नै बदलियो । फेरिएको व्यवस्थासँगै मुलुकमा विद्यमान गरिबी, पछौटेपन, विभेद अन्त्य हुने धेरैको बुझाइ र विश्वास पनि थियो । तर शासन व्यवस्था र शासक फेरिएको ७५ वर्ष पूरा हुँदासम्म जनताको आशा र अपेक्षा अनुसार काम हुन भने सकेको छैन । जसले गर्दा व्यवस्था फेरिए पनि जनताको अवस्था भने उस्तै भएको अनूभूत आम नागरिकमा छ । व्यवस्था र शासक फेरिए पनि प्रवृति नबदलिँदा जनताले लामो संघर्षबाट मुलुकमा स्थापित प्रजातन्त्रको वास्तविक अनुभूति गर्न नसकेको राजनीतिक विश्लेषक राजेन्द्र श्रेष्ठले बताए । "व्यवस्था त फेर्‍यौं तर नयाँ व्यवस्था हाँक्ने पात्र, प्रवृत्ति र मानसिकता फेर्न सकिएन," श्रेष्ठ भन्छन्, "फेरिएका पात्रले नै प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोकको विषय बनाए ।" २००७ सालपछि बनेका कुनै पनि सरकार पूरा अवधि टिकेका छैनन् ।

*-बाँकी अन्तिम पेजमा...*

**सङ्क्षिप्त समाचार**

## सडक दुर्घटनामा ४ को मृत्यु




(रासस्/एपी)

**प्युब्लो,** फागुन ६/अमेरिकी राज्य कोलोराडोमा ३० भन्दा बढी सवारीसाधन ठोक्किँदा ठूलो दुर्घटना भएको छ । यस दुर्घटनामा कम्तीमा चार जनाको मृत्यु भएको छ । स्थानीय प्रहरीले दुर्घटना बिहान करिब १० बजे भएको जनाएको छ । दुर्घटनामा २९ जना घाइते भएका छन्, जसमा केही सामान्य चोटग्रस्त छन् भने केही गम्भीर घाइते भएका छन्। दुर्घटनास्थलको उत्तरतर्फ मृत्यु भएको छ भने दक्षिणतर्फ सम्पत्ति क्षति मात्र भएको छ । एक पिकअप ट्रकमा ३२ बाख्रा थिए, जसमा चारको मृत्यु भएको छ भने बाँकी सुरक्षित बचाइएको छ । दुर्घटनाको वास्तविक कारण अझै अनुसन्धान भइरहेको छ । यसैबीच, कोलोराडोको पूर्वी भागमा आगो फैलिन सक्ने जोखिम बढेको छ र केही हवाई उडानहरू ढिलाइ भएका छन् । पश्चिमी भागमा भने हिमपातले केही राहत दिएको छ ।

## आज निर्वाचन दिवस मनाइँदै




**पाल्पा,** फागुन ६/आज दशौं निर्वाचन दिवस मनाइँदै छ । विक्रम संवत् २०१५ फागुन ७ गते नेपालमा आमनिर्वाचन प्रारम्भ भई बालिग नेपालीले आफ्नो अधिकार उपयोग गर्न पाएको स्मरणमा निर्वाचन दिवस मनाइँदै आइएको हो ।

नेपालले वि.सं. २०७३ देखि फागुन ७ गते निर्वाचन दिवस मनाउन थालेको पाइन्छ । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको कार्यकालमा २०१५ साल फागुन ७ गते महासभा र प्रतिनिधिसभा गरी दुई सदनका लागि निर्वाचन भएको थियो । त्यही दिनलाई आधार मानी प्रत्येक वर्ष फागुन ७ गते निर्वाचन दिवस मनाइन्छ । आयोगसँग निर्वाचन व्यवस्थापनका साढे ६ दशकभन्दा लामो सफल प्रेरणादायी अनुभव र गौरवमय इतिहास छ । मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, जनतामा निहित सार्वभौमसत्ता, बालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको संवैधानिक जिम्मेवारी आयोगले प्राप्त गरेको छ । आयोगले निष्पक्षता, स्वतन्त्रता, व्यावसायिकता र विश्वसनीयता प्रत्याभूतिसहित निर्वाचन व्यवस्थापन गर्दै आएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, जनतामा निहित सार्वभौमसत्ता आवधिक निर्वाचन, बालिग मताधिकार र जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक जिम्मेवारी आयोगले कुशलतापूर्वक सम्पादन गरेको छ । पहिलो आम निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाइ बहुमत अर्थात् ७४ सिट प्राप्त गरेको थियो । उक्त निर्वाचनमा १६ वटा राजनीतिक दलले भाग लिएका थिए । लोकतन्त्रको मेरुदण्डका रुपमा रहेको आवधिक निर्वाचन प्रारम्भ भएको ५८ वर्षपछि आयोगले पहिलो पटक विसं २०७३ देखि फागुन ७ गते भव्यताका साथ दिवस मनाउने गरेको हो ।

## तोरीखेतीको क्षेत्रफल र उत्पादन बढ्दै

**घोराही (दाङ),** फागुन ६/यहाँ पछिल्लो समय तोरी उत्पादनमा वृद्धि भएको छ । तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको हो । दाङको तोरी पहिचानका रूपमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए ।

जिल्लाबाट तोरीको तेलको माग अन्यत्र जिल्लामा धेरै रहेको उनको भनाइ छ । यहाँको तोरीको माग काठमाडौँ, पोखरा, चितवन, नेपालगन्जलगायत जिल्लामा धेरै रहेको उनले बताए । "पहिलेदेखि नै दाङको तोरीको माग बाहिरी जिल्लाबाट धेरै हुने गरेको छ", प्रमुख भण्डारीले भने । सहज रूपमा बिक्री भएमा किसानको आकर्षण बढ्दै जाने उनको भनाइ छ । "उत्पादन भएको तोरी कुनै पनि किसानलाई बजारको समयस्या नभएकाले पनि किसानको संख्या



तथा क्षेत्रफल बढेको हो", उनले भने । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइ दाङका तोरी जोनअनुसार क्षेत्रफलसँगै उत्पादन वृद्धि भएको हो । आर्थिक वर्ष २०७९/८० मा तोरी जोनअन्तर्गतको क्षेत्रमा एक हजार २०० हेक्टरमा खेती गरिएको थियो । जसमा एक हजार ९३२ मेट्रिक टन तोरी उत्पादन भएको तोरी जोनका प्रास सूर्यज्योति केसीले जानकारी दिए ।

आव २०८०/८१ मा एक हजार २०० हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार चार मेट्रिक टन तोरी उत्पादन भएको थियो । आव २०८१/८२ मा एक हजार २४२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १२३.८२ मेट्रिक टन उत्पादन भएको हो । आव २०८२/८३ मा एक हजार २७८.०२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १९८.१९ मेट्रिक टन उत्पादन भएको छ । प्रतिहेक्टर १.७२ उत्पादकत्व रहेको छ । तोरी जोनले किसानलाई प्राविधिक, बीउ तथा प्रविधिमा सहयोग गर्दै आएको परियोजनाका प्रास केसीले बताए । तोरी जोन पश्चिम क्षेत्रको दङ्गीशरण,शान्तिनगर, बबई गाउँपालिका र तुलसीपुर उपमहानगरपालिकाको केही वडामा सञ्चालनमा रहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## फागुन ७ को सान्दर्भिकता

फागुन ७ गते नेपालीको जीवनमा सर्वाधिक महत्वको दिन हो । आजकै दिन बलिदानपूर्ण संघर्षद्वारा आफूलाई रैतीबाट जनताको दर्जामा पुऱ्याएको थियो । जुन दिनलाई प्रजातन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । ७ फागुन २००७ मा १०४ वर्षीय जहानियाँ राणाशासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको थियो । प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रमा समाहित हुँदै गर्दा मुलुक अहिले आएर अत्यन्तै राजनैतिक गम्भीर अवस्थाबाट गुज्रिरहेको अवस्था छ । लोकतान्त्रिक सविधान निर्माण र लागु पछिका आधा दशकले वर्तमान व्यवस्थाप्रति पनि जनताको अवस्थामा कमी आएको महशुस गर्न सकेका छैनन् । हिजो हाँसीहाँसी फाँसीमा चढ्दै गर्दा सहिदहरुले सत्तामा पुगिन्छ र सुख शैल गरिन्छ भन्ने भन्दा पनि देशलाई जहानीय शासनबाट मुक्त गरे पनि सन्ततिले प्रजातन्त्र प्राप्त गर्छन् भन्ने चिन्ता बाहेक कही पनि थिएन । तर आज हामीले त्यो अवस्थाको उपभोग गर्न पाइरहदा जनताका न्यूनतम आवश्यकता प्रति चिन्तित भए जस्तो लाग्दैन ।

प्रजातन्त्र प्राप्तिका लागि योगदान दिएका महान् योद्धा र उनीहरुको सपनालाई साकार पार्ने संकल्पका साथ हरेक वर्ष विभिन्न राजनीतिक दल र सरकारले विभिन्न कार्यक्रम गरी २००७ फागुन ७ गतेको स्मरण गर्छन्, र प्रजातन्त्र दिवसको महत्वबारे व्याख्या गर्छन् । तर, दुखको कुरा प्रजातन्त्रको मर्म र भावना कसैले आत्मसात् गर्न सकेका छैनन् । जसका कारण प्रजातन्त्रले निर्दिष्ट गरेको लक्ष्य हासिल हुन सकेको छैन । बरु दलका नेताहरुको अदूरदर्शिता, दीर्घकालीन सोचको अभाव र आपसी खिचातानीले प्राप्त उपलब्धि नै बेलाबखत गुम्दै आएको छ । हिजोका दिनमा प्रजातन्त्रका निम्ति गरिएको संघर्ष र आजका दिनमा गणतन्त्रलाई लिएर भैरहेको व्यवहारले आगामी दिनहरु राजनीतिकरुपमा त्यति सहज देखिँदैनन् । देशको इतिहास यसरी नै भुल्दै जाने र केवल आफ्नै दलको इतिहासमा मात्र मग्न भैरहने कुसंस्कृतिमा लिप्त हाम्रा तथाकथित राजनीतिक नेतृत्वहरुको ढुलमुले चरित्रका कारण नै देशले निकास पाउन नसकेको हो भन्ने कुरामा शङ्का गरिरहन पर्दैन । यही स्थितिले निरन्तरता पाइरहने हो भने प्रजातान्त्रिक हकअधिकारका लागि पुनः संघर्ष गर्न नपर्ला भन्ने छैन । बृहत्तर दलीय सहमतिको आधारमा सविधान कार्यान्वयन गरी मुलुकलाई स्थायित्व र विकासको बाटोमा लैजानु अहिलेको आवश्यकता हो । जसका लागि दलहरूले इमानदार प्रयत्न गर्न आवश्यक छ । त्यसो भयो भने प्रजातान्त्रिक योद्धाहरूको सपना पूरा हुनुका साथै फागुन ७ अर्थात् प्रजातन्त्र दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network


चुडिएको चप्पलमा बारम्बार अल्झिनु भन्दा त
खाली खुट्टाले नै गन्तव्य तय गर्न ठिक छ ।
*(सुन्दर सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Sundar.Sunar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मुख्य समस्या भ्रष्ट चरित्र कि मृत चेतना ?



प्रा.देवीभक्त ढकाल

*दलका झोले कार्यकर्ता नै आजका बिचौलिया हुन् । सेवाका प्रतिमूर्तिका रुपमा रहेका पार्टीका कार्यकर्ता विचौलिया हुँदा उनीहरुले उत्पादनमूलक उद्योगभन्दा कमिसनको खेतीलाई मलजल गरे । परिणामस्वरूप समाज सेवाको आवरणमा दलालीको बीजारोपण भयो । त्यसको दुष्परिणाम हो युवा पलायन, बौद्धिक रिक्तता र सांस्कृतिक पतन । विवेकशील युवाहरू देशमा प्रश्न गर्ने ठाउँ नदेखेर पलायन भए । जसले गर्दा समाजमा केवल हो मा हो मिलाउने प्रशंसकहरूको बाहुल्यता रह्यो । प्रश्न गर्नेहरूलाई निर्यात गर्ने राज्य सञ्चालकहरूको योजना सफल भयो परिणामस्वरुप देश असफल हुने मार्गप्रशस्त भयो । यो नै नेपाल र नेपालीको दुर्भाग्यको मुख्य कारण हो ।*

नेपाली राजनीतिको मुख्य समस्याको पहिचानमा नै हामी अझैसम्म अल्मलिई रहेका छौं । समस्याको सतही पहिचान र रोग एकातिर उपचार अर्कोतिर हुँदा समस्याले विकराल रूप लिएको विषय- २०८२ भाद्र २४ गते राष्ट्रपति, प्रधानमन्त्री मन्त्रीहरूको भागाभागले प्रमाणित भयो । सिंहदरबार, सर्वोच्च अदालत जस्ता राष्ट्रका धरोहरहरू जल्दा सुरक्षाको अन्तिम अस्त्र मानिने सेनासमेत ती धरोहरहरू जोगाउन असफल हुनुभनेको राष्ट्र नै असफल भएको जबर्जस्त प्रमाण हो । अहिले आमजनमानसमा बहसको विषय के छ भने जसका कारणले यो बेथिति उत्पन्न भएको छ राष्ट्रको सेना तिनीहरूलाई जोगाउन लागिपऱ्यो तर जनताको साझा सम्पत्ति र प्रतिष्ठाको धरोहर सिंहदरबार र सर्वोच्च अदालत सहित अन्य संरचनाहरू जलिरहँदा सेना किन टुलुटुलु हेरिरह्यो ? इतिहासको यो निर्मम र संगीन प्रश्नको घेराबाट नेपाली सेना अब कहिल्यै उम्कन सक्दैन । राजनीतिक विद्रोहमा केही थान उच्चपदस्थलाई सुरक्षा दिने कि जनताको सम्पत्तिलाई जोगाउने भन्ने छनौटमा यदि सेना नचुकेको भए के हुन्थ्यो भन्ने जनताको प्रश्न अहिले होइन युगौंयुगसम्म ज्यूँकात्यूँ रहिरहनेछ । हाम्रो राजनीतिको मुख्य समस्या भनेको नेताको भ्रष्ट चरित्र कि कार्यकर्ताको मृत चेतना भन्ने विषयमा अब गम्भीरतापूर्वक घोत्लिनुनै पर्छ ।

हामी दोष सधैं अर्कालाई दिने र आफूलाई सधैं दोषमुक्त देख्ने चरित्रको शुद्धीकरण वास्तवमा हाम्रा समस्याहरूको निकासको मुख्य बिन्दु हुनुपर्छ । समस्या नेताको भ्रष्ट चरित्र कि कार्यकर्ताको मृत चेतना ? भन्ने शीर्षकले नेपाली समाजको एउटा यस्तो ऐंजेरुलाई औंल्याएको छ कि जसले राष्ट्रको जरो नै खोक्रो बनाइरहेको छ । यो आलेखले नेताको कुमति र कार्यकर्ताको मृत चेतनाबीचको त्यो अपवित्र गठबन्धनलाई चिरफार गर्नेछ, जसले गर्दा आज देश एउटा आत्मघाती दुर्घटनाको सँघारमा उभिएको छ । भाद्र २३ र २४ मा परिवर्तनका बाहकहरूको चेतनाको मसानघाट र सत्ताको नग्न नृत्यको निर्मम चिरफारबिना शुद्धीकरणको चरण प्रारम्भ हुँदैन । नेपाली राजनीतिमा जुन नाटक मञ्चन भइरहेको छ, त्यसका नायकहरू जति दोषी छन्, त्योभन्दा बढी दोषी ती दर्शकहरू अर्थात् तिनका कार्यकर्ता छन्, जसले खराब अभिनयमा पनि ताली बजाउन छोड्दैनन् । प्रश्न उठ्छ मुख्य समस्या नेताको भ्रष्ट चरित्र हो कि कार्यकर्ताको मृत चेतना ? गहिरिएर हेर्दा, नेताको भ्रष्ट चरित्र एउटा रोग हो भने कार्यकर्ताको मृत चेतना त्यो रोगलाई पाल्ने कुपोषण हो । कुपोषणको अन्त्यबिना रोग कसरी निको हुन्छ ? जहाँ चेतनाको मृत्यु हुन्छ, त्यहाँ मालाको व्यापार फष्टाउँछ र प्रश्नको घाँटी रेटिन्छ । धार्मिक ग्रन्थ श्रीमद्भगवद्गीतामा श्रीकृष्ण भन्नुहुन्छ : ज्ञान प्राप्त गर्न प्रणिपात अर्थात् विनम्रतामात्र होइन, परिप्रश्न अर्थात् तार्किक प्रश्न पनि अनिवार्य छ । तर नेपाली राजनीतिमा कार्यकर्ताले प्रणिपात र सेवा त सिके, तर प्रश्न गर्न बिर्सिए ।

जब कार्यकर्ताले नेताको हरेक भ्रष्टाचारमा चातुर्य देख्न थाल्छ, त्यो उसको विवेकको अन्त्येष्टि हो । मुख्य समस्या कार्यकर्ता परीक्षक नबनेर प्रशंसक बन्नु हो । जब कार्यकर्ता प्रशंसक बन्छ, उसले नेताको चरणमा आफ्नो मस्तिष्क बुझाउँछ । यहींबाट सुरु हुन्छ अहंकार, अस्थिरता र जडता । कार्यकर्ताको मृत चेतनाले नै यस्तो चरित्रलाई अजेय र अकाट्य भएको भ्रम दिन्छ । अहिले स्वार्थ र सेवाबीच द्वन्द्व चरमोत्कर्षमा छ । आर्थिक सूत्र वास्तवमा बिचौलिया प्रथा बन्यो । परिणाम उद्योगहरूको विनाश हुँदा परनिर्भरता अहिले हाम्रो मुख्य विशेषता भयो । दलका झोले कार्यकर्ता नै आजका बिचौलिया हुन् । सेवाका प्रतिमूर्तिका रूपमा रहेका पार्टीका कार्यकर्ता विचौलिया हुँदा उनीहरूले उत्पादनमूलक उद्योगभन्दा कमिसनको खेतीलाई मलजल गरे । परिणामस्वरूप समाज सेवाको आवरणमा दलालीको बीजारोपण भयो । त्यसको दुष्परिणाम हो युवा पलायन, बौद्धिक रिक्तता र सांस्कृतिक पतन । विवेकशील युवाहरू देशमा प्रश्न गर्ने ठाउँ नदेखेर पलायन भए । जसले गर्दा समाजमा केवल हो मा हो मिलाउने प्रशंसकहरूको बाहुल्यता रह्यो । प्रश्न गर्नेहरूलाई निर्यात गर्ने राज्य सञ्चालकहरूको योजना सफल भयो परिणामस्वरुप देश असफल हुने मार्गप्रशस्त भयो । यो नै नेपाल र नेपालीको दुर्भाग्यको मुख्य कारण हो । हिजो खाद्यान्नमा आत्मनिर्भर बनाउने ती खेतबारी अहिले बाँझा छन् । प्रश्न गर्ने युवा विदेशिदा दुर्भाग्य भ्रष्टाचार र कुशासनमा ख्यातिप्राप्त नेताका मञ्चहरू मालाले भरिएका छन् । जुन देशको मेरुदण्ड कृषि थियो, आज त्यही देश पीठोदेखि पिडालुसम्म आयातमा निर्भर छ । उद्योगको चिहान खन्न सरकार तल्लिन रह्यो । कार्यकर्ता उद्योग खोल्ने वातावरण बनाउनुको सट्टा चन्दा उठाउन र तालाबन्दी गर्न व्यस्त भए । स्वदेशी लगानी पलायन भयो । परिणामस्वरूप परनिर्भरताको विषवृक्ष झ्याँगियो । हामीले माटोलाई माया गर्न बिर्सियौं । पार्टीको झण्डालाई पूजा गर्न थाल्यौं । उपनिषद्ले भन्छ : अन्न प्रशस्त उब्जाउनु त्यो तिम्रो व्रत हो । तर हाम्रो व्रत त नेताको जयजयकार गर्नुमात्र भयो । आज स्थिति यस्तो छ कि बाहिरबाट चामल नआए हाम्रो भान्सामा चुल्हो बल्दैन । यो सबै हाम्रो मृत चेतनाको उपज हो । अहिलेको समस्याको निकास भनेको जनताले आफ्नो मृत चेतनालाई ब्यूँत्याउने यज्ञमा सक्रिय सहभागिता हो । त्यो यज्ञ हो निर्वाचनमा विवेकको प्रयोग । फेरि यहाँ विवेकको प्रयोगले पनि अहिल्यै निकास निस्कने अवस्था छैन किनकि निर्वाचनमा उम्मेदवारको छनौट प्रक्रिया त्रुटिपूर्ण छ । सबै पार्टीहरूमा योग्य उम्मेदवा चामलको बियाँ जस्तै छन । तसर्थ यो परिवेशमा जनताले विवेक प्रयोग गर्दा नतिजा सकारात्मक नहुने दुर्भाग्यपूर्ण अवस्थाको सिकार राज्य हुँदैछ । देशको भविष्य र ऊर्जाको रूपमा रहेको युवाशक्ति आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको लामो लाइनमा तछाडमछाड गर्दैछ । किनकि यहाँ प्रश्न गर्नेलाई ठाउँ छैन, केवल माला लगाइदिनेलाई मात्र अवसर छ । जब योग्यताभन्दा झण्डा र क्षमताभन्दा चाकरीले प्राथमिकता पाउँछ, तब एउटा स्वाभिमानी युवाले देश छोड्नुबाहेक अर्को विकल्प देख्दैन । यो पलायन केवल मानिसको मात्रै होइन यो त देशको आशा र चेतनाको पलायन हो । गरुड पुराणमा भनिएको छ कि अन्धकारमा बस्नु पाप हो, तर अन्धकारलाई नै प्रकाश सम्झनु महापाप हो । कार्यकर्ताले नेताको कुमतिलाई नै राजनीतिक सुझबुझ सम्झने महापाप गरिरहेका छन् । नीतिशास्त्र भन्छ राजा, नेता नै समयको परिवर्तनको कारक हो । तर नेता-राजा नै कुमतिबाट ग्रसित छ र प्रजा अर्थात् कार्यकर्ता मृत चेतना बोकेर हिँड्छन् भने त्यो राज्यको विनाश अवश्यम्भावी छ । यो आत्मघाती यात्रालाई रोक्ने एकमात्र उपाय कार्यकर्ताको मस्तिष्कको पुनर्जन्म हो । प्रशंसकबाट परीक्षकमा रूपान्तरण गर्ने रणनीति र कार्यदिशा हो । त्यसका लागि कार्यकर्ताले नेताको घोषणापत्र र उसको जीवनशैलीबीचको अन्तर जाँच्नुपर्छ । युवाहरूले स्वागतमा माला होइन, कार्यप्रगतिको श्वेतपत्र माग्ने संस्कार बसाल्नुपर्छ । अब उत्पादनमुखी राजनीतिको सूत्रपात समस्याको समाधान हो, नकि राजनीतिलाई कमाउने पेशा बनाउने ? अब राजनीतिलाई कमाउने पेशा होइन, उत्पादनको उत्प्रेरक बनाउनुपर्छ । जबसम्म कार्यकर्ताले खेत, कारखानालाई झण्डा र नाराभन्दा बढी महत्व दिँदैनन्, तबसम्म देश परनिर्भर नै रहन्छ । अहंकारी नेताहरू समस्याका लक्षणमात्र हुन्, रोग हामीभित्रको प्रलोभन चाकरी हो । अब कार्यकर्ताको चेतना ब्युँझिँदैन भने यो व्यवस्था देशका लागि आत्मघाती सावित हुनेछ । आत्मा, राष्ट्रियता र स्वाभिमानलाई खरानी बनाइदिनेछ । अबको यात्रा माला उचाल्ने हातहरूलाई प्रोत्साहित गर्न होइन, बरू हलो र कलम चलाउने मस्तिष्कलाई प्रोत्साहित गर्ने हुनुपर्छ । चेतनाको पुनर्जागरण त्यो उज्यालो हो, जसले चाकरीको अन्धकारलाई चिरेर देशलाई दुर्घटनाबाट बचाउन सक्छ । हाम्रा धार्मिक ग्रन्थहरूले सिकाएको सत्यं वद, धर्मं कुरू, सत्य बोल, धर्मको पालना गर को आदर्शलाई कुल्चेर नेताको भजन गाउँ, आफ्नो स्वार्थ पूरा गर भन्ने नयाँ विकृत धर्मको उदय हुन्छ त्यहाँ देशको समस्याको निकास कुनै नयाँ अनुहारको आगमनबाट वा व्यवस्थाको परिवर्तनबाट मात्र सम्भव छैन ।

नेताको भ्रष्ट चरित्र हुनु एउटा घटना हो, कार्यकर्ताले त्यसलाई जोगाइरहनु अर्को राष्ट्रिय दुर्घटना हो । मालाले छोपिएको अन्धकारबाट बाहिर निस्केर प्रश्नको उज्यालो समात्नु नै आजको वास्तविक पुनर्जागरण हो । हामीलाई जिन्दावादभन्दै नेतालाई देवता बनाउने भक्त होइन बरू नेतासँग आँखा जुधाएर प्रश्न सोध्ने नागरिकहरूको खाँचो छ । माला होइन हिसाब देऊ, ताली होइन नतिजा देऊ भनौं जो एउटा वैचारिक बम हुनेछ । यो नाराले कार्यकर्तालाई सेवकबाट लेखापरीक्षक र नेतालाई शासकबाट उत्तरदायी सेवकमा बदल्ने तागत राख्छ । अहिलेका नेताहरूले कार्यकर्ताको मृत चेतनालाई आफ्नो कवच बनाएका छन् । कार्यकर्ताले माला होइन हिसाब देऊ भन्न थाल्छन् त्यो कवच स्वतः टुट्छ । हिसाब माग्ने एउटा नागरिक ताली बजाउने कार्यकर्ताभन्दा शक्तिशाली हुन्छ । यो वाक्य लोकतन्त्रको ब्रह्मास्त्र हो । यसले संख्या र शक्तिबीचको भ्रमलाई चिरेर विवेकको श्रेष्ठता प्रमाणित गर्दछ । हजारौंको भिडले अन्धकार फैलाउन सक्छ, सचेत नागरिकको प्रश्नले अन्धकारलाई चिर्ने प्रकाश दिन्छ । त्यसका लागि नागरिकको चेतनाको पुनर्जागरण अनिवार्य शर्त हो ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेशामा आफ्नो कामले अरुलाई प्रभावित पार्न सकिनेछ। स्वास्थ्यले साथ दिनेछ। | **तुला** : कार्यक्षेत्रमा श्रमको उचित मूल्यांकन पाइनेछ। बाध्यात्मक काममा जुट्नुपर्ला। |
| **वृष** : सामाजिक कामको दायित्व बढ्नेछ। केही प्रतिष्ठित कार्य गर्ने अवसर प्राप्त हुनेछ। | **वृश्चिक** : रोगबाट छुटकारा मिल्नेछ। घरपरिवारसँग तालमेल बनाउन सकिनेछ। |
| **मिथुन** : नयाँ कामको जिम्मेवारी पाइनेछ। परिवारसँग रमाइलो यात्राको योग छ। | **धनु** : आतिथ्यपूर्ण सम्मान पाइएला। दाम्पत्य जीवनमा सुख र समृद्धिमा वृद्धि हुनेछ। |
| **कर्कट** : व्यवसायिक काममा खर्च बढ्नेछ। नमागी अरूलाई सल्लाह नदिनुहोस्। | **मकर** : पुरानो कार्यबाट लाभ आर्जन गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व प्राप्त होला। |
| **सिंह** : सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **कुम्भ** : आँटिका कार्यमा सफलता मिल्नेछ। आध्यात्मिक चेतनामा विकास हुनेछ। |
| **कन्या** : कामको जग बसाउने अवसर रहेको छ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **मीन** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। लेनदेनमा सतर्कता अपनाउनुहोला। |




निबन्ध — रमाकान्त शर्मा

# नेपालीको गुमिरहेको समय

कोटेस्वरमा बस रोकेको पनि १० मिनेट भै सक्यो, अझै बस रोकिइ रहेको छ । सूर्यविनायक कतिवेला पुग्ने हो ? अत्तोपत्तो छैन । बागबजारबाट १५ मिनेटमा लाग्ने बाटोलाई ४५ मिनेट भन्दा बढी लागि सक्यो । मान्छे चढाउने र ओराल्ने ठाउँमा त सार्वजनिक बस नरोकी भएन । पर्खेर बसेका यात्री चढे पछि त हिडाउनु पर्ने हो । आउने सम्भावित यात्रीलाई पनि पर्खेर बसेको छ ठाउँ ठाउँमा । विभिन्न ठाउँमा हुने जाममा बस रोकिनु बाध्यता भयो, बसको गती रोकिएको हो कि हिडेको हो ? थाहा नहुने गरी गुडिरहेको छ बस । चालकलाई चासो छैन यात्रीको मन आत्तियर छटपटिएको । स्वर न लयका, नबुझिने, मन नपर्ने, कर्कस हिन्दी गीतहरु चर्को चर्को गरी बजिरहेका छन् । मन परेन बन्द गर्नुहोस् न, भन्न पनि नसकिने, सानो आवाज भए पनि हुन्थ्यो नि ढ्वाङ फुके जस्तो चर्को चर्को । कानमा औला लागाएर थुन्न पनि नमिल्ने । जोडिएको सिटमा पोषाक लागाएका, भ्रखर एक निद्राबाट ब्युझिएका ख्योपो कलेजका विद्यार्थीलाई सोध्छु किन यति ढिला गरेको होला बसले ? उत्तर हुन्छ, यस्तै हो सधै । लाग्छ हामी नेपालीलाई समयको कुनै महत्व नै छैन, सार्वजनिक बसमा यात्रा गर्ने मान्छे समयमा गन्तव्यमा पुग्नु पर्ने यात्री होइनन् , यी त बसको चालकले जतिवेला पुऱ्याए पनि हुने सामग्री हुन । बागबजारबाट सूर्य विनायक पुग्ने यात्री एक निन्द्रा बसमा निधाउनु त सामन्य नै भायो । लामोरुटमा यात्र गर्दा ठाउँ ठाउँमा जाम त आजको नियमितता भै सक्यो । नारायणघाट देखि काठमाडौं पोखरा जाने, पोखरा, काठमाण्डौ, गोरखा, लम्जुङ लगाएतका स्थानबाट नारायणघाट हुँदै जाने यात्रीलाई दिन दिन भरको जामले वाहिरी वातावरणको गर्मी त के कुरा मनको पोलाईले यात्रीलाई कस्तो छटपटी हुन्छ कस्ले बुझ्ने ? कस्लाई चासो हुने ? पछाडि गाडीको लामो पङ्ती छ, अगाडि बाटो खुला हुँदा हुदै पनि चालकले गाडी रोकी विपरित दिशाबाट आएको गाडिको चालकसंग हात मिलाउने र भलाकुसारी गर्ने कार्यले जाम माथिको पनि जाम । अधिकांस मानिसले यात्रा गर्ने यातायातको साधन सार्वजनिक बस हो । म:मको लागि काठमाण्डौ भित्रिने ट्रकमा लादिएका राँगा सरह लादिनु पर्ने मान्छे पनि । काठमाडौंका विभिन्न स्थानबाट रत्नपार्क जाने बस, मिनिबस र माइक्रो वसको बीच भागमा यात्री दुई तिर फर्काएर कोचिन्छ,थोरै खाली ठाउँ देखिए पनि कन्टक्टरले पटक पटक झ्यालमा आएर पछाडि सर्नुहोस्, उता फर्कनुहोस्, हात तल झार्नुहोस । लाग्छ सार्वजनिक यातायातमा यात्रा गर्ने यात्री पनि ट्रकमा पुच्छर समेत बाँधेर लादिएका राँगा सरहका हुन् । यात्रीको गन्तव्य, पुग्ने समय, चाहना, शारीरिक समस्या केही पनि ख्याल गरिदैन । जस्तो पनि सहन सक्ने, जतिवेला जाहाँपुऱ्याए पनि हुने, सहनसिल छन् यात्रीहरु । जसो गरेपनि र जति समयमा पुऱ्याए पनि हुने, केवल आफ्नो क्यू थाप्न जानु पऱ्यो भने मात्र कुदाउनु पर्ने । गन्तव्यको आधाबाटोमा पुगेर यात्रीलाई झारेर बस फर्केर यात्रीलाई अलपत्र पार्न पनि पाइने, सामान जस्तै अर्को बसका सहचालकलाई बेच्न पनि पाइने, यात्रीले कसैसंग गुनासो पोख्न नपाइने । हिसाव गर्ने हो भने नेपाल भरी चल्ने सवै सार्वजनिक यातायातको साधनमा नेपालीको महत्वपुर्ण कति समय खेर गएको होला ? मन छटपटाउदा छट्पटाउदै । ठ्याक्कै तोकिएको जिम्मेवारी त अरुलाई पन्छाउने हाम्रो समाजमा कसले ख्याल गर्ने कस्ले सुधारकोलागि पहल थाल्ने सार्वजनिक यातायातका साधन सुधारको लागि । कार्यक्रममा बोलाउदा ठीक ११ बजे भनेर भनिन्छ । ठीक ११ बजे पुग्यो भने अत्तोपत्तो हुदैन कार्यक्रम सुरु हुने । तोकिएको समयमा आयोजकनै पुगेको हुदैन । एक बज्दा पनि कार्यक्रम सुरु हुदैन । कुनै पनि कार्यक्रममा तोकिएको समय भन्दा एक डेढ घण्टा ढिला हुनु सामान्य भै सक्यो । कहिले त प्रमुख अतिथि र अन्य कारणले गर्दा दुई तीन घण्टा पनि ढिलाहुन सक्दछ । देश चलाउने मन्त्री समेत सार्वजनिक कार्यक्रममा तोएिको समय पुग्नु त कता हो कता ? विनाकाममा गफ गरेर, होटलमा अनावश्यक समय विताएर भए पनि तोकिएको सयम भन्दा ढिला पुग्नु पर्ने । कार्यक्रममा बोलाइएका एक दुई जना व्यक्तिको कारणले धेरै संख्याका मानिसहरुले समय खेर फाल्नु पर्ने । कार्यक्रम सुरु भए पछि आसनग्रहणको लामो सूची, सम्झी सम्झी कार्यक्रममा उपस्थित नभएका, ढिला आउनेलाई पनि आसानग्रहण । एक पटक कुर्चिमा बसिसकेका व्यक्तिलाई उठाएर आसनग्रहण गराउदा कहिलेकाँही त घण्टानै वित्ने । बक्तालाई बोल्न बोलायो बक्ताले पनि सबैलाई नविराइ सम्वोधन गर्नै पर्ने, कुनै बिर्सियो भने माफिमाग्दै पुन सम्वोधन । त्यतिका स्रोता र दर्शकको समयको ख्याल छैन, ढिला उपस्थित भएकोमा माफी माग्नु छैन, एक जनाको पदसोपान थोरै फरक पर्दा माफी । तोकिएको, स्रोताले अपेक्षा गरेको मुख्य विषयबस्तु राख्नसमय छैन सम्वोधनमा धेरै समय व्यतित । आयोजकले जानकारी दिनु पर्ने कुराहरुमा जानकारी दिइ सकेपछि पुन बक्ताले अनावश्यक पुनराबृत्ति, कार्यक्रमसंग छेउ टुप्पो सम्वन्ध नएको कुरामा पनि ब्यख्या र विश्लेषण । बक्ताले बोलेको कुरा पुन उद्घोषकले ब्याखा गर्न र फुँदा गास्न पनि छाड्नै नहुने । सान्दर्भिक भए पनि नभए पनि, जानेपनि नजाने पनि बक्ता हुनै पर्ने, कार्यक्रम सकिनै थाल्यो, कार्यक्रमको अन्तिममा बोल्नेले पनि कार्यक्रम सफलताको शुभकामना । बिचार सुन्नु पर्ने, कार्यक्रमको महत्वपुर्ण व्यक्ति बोल्ने बेलासम्म अधिकांश कुर्सी खाली । स्रोता नभए पछि मुख्य बक्ता बोल्नुको कुनै अर्थ नहुने, खाली कुर्सी, एकाद श्रोता भएको कारणले महत्वपुर्ण कुरा बोल्नै उत्साह नहुने । विद्यालयमा विद्यार्थीहरु शिक्षकलाई पर्खेर बसको छ, शिक्षक नै कक्षामा ढिला हुने, कक्षा ढिला सुरु भएपनि सकिने भने छिटै । विद्यालयमा मात्र होइन, आदर्श र मूल्य बाढ्ने विश्वविद्यालयमा शिक्षक आउलान् भनेर कुऱ्यो कुऱ्यो आउदैनन् मन अमिलो हुन्छ, कक्षा हुदैन, कति टाडाबाट आएको हो यातायातको भाढा र सयम विनाकाममा खर्च । विरामी भएर अस्पतालमा गयो लामो समय लाइन लाग्नु पर्ने । कतिवेला ढोका खुल्ला ? कतिवेला टिकट बाँढ्ने ? अत्तो पत्तो नहुने । फुकिढल बिरामी शरीर पनि उभ्याउनै पर्ने, घण्टौ लाइनमा बस्नु पर्ने, उभिन नसकेर लाइनमा नै बेहोस भएर ढल्नु समेत सामान्य हुने । अस्पताल पुग्नेलाई टोकन दिएर आरामसँग वस्न दिए पनि पालो पर्खन सजिलो, विरामीलाई उभिदा हुने सास्ती सहनु नपर्ने, लाइन लागाउनु आवश्यक नै नहुने यतातर्फ अस्पताल सञ्चालनको ध्यानै नजाने । सरकारी कार्यालयमा काम लिन सेवाग्राहीको रुपमा गयो, १० बजे पुग्दा कर्मचारी आएकै हुदैन, साडे दश बजिसक्यो कर्मचारी नपुग्ने, पुगे पछि सेवाग्राहीले लौन मेरो काम भन्यो भने, आउन भ्याएको छैन कामको हतार भन्ने उत्तर आउने । ढिलो अफिसमा आउने अनि भलाकुसारी र गफमा व्यस्तहुने । एक बज्न नपाउदै खाजाको समय, दुई बजे सम्म खाजा, चार बज्न नपाउदै आजको समय सकियो ,फलानो घरमा गै सक्नु भयो भोली आउनु, भोली पनि हालत उही । सेवाग्राहीको समय चौपट । अदालतमा गयो उस्तै । अन्यायमा परेर मुद्धा दिएको१०/१२ बर्ष पुगीसक्यो फैसला तथा छिने फानो नहुने । मुद्धाको सुनाइको पालो आउदैन, आएको पालो वकिलले हटायो । वकिलले नहटाएको दिन आज भ्याइएन । एक महिना पछिको फलानो दिन पेशी तारिक । नुवारन गराइ पाऊँ भन्ने मुद्धा विवाहको उमेर सम्म छिनिदैन । कस्ले गुनासो गर्ने, सम्मानित न्यायालय र न्ययमूर्तीसंग, कतै तिर महत्व नभएको समयको बारेमा, उल्टै मानहानी लाग्ने डर । हुँदा हुँदा समाज परिवर्तनका मुद्दामा छलफल र बहर गर्न, जिम्मा लिएकालाई जवाफदेहि बनाउन आयोजित प्रवुद्ध नागरिक समाज र लेखकहरुको कार्यक्रम पनि एक डेढ घण्टा ढिला सुरु हुने, बसेका मान्छेलाई उठाएर उही आसनग्रहरण, अनि फेरी सम्वोधनको लामो सूची । समकालीन समयमा सामाजिक सञ्जालले कति युवा र वयस्कहरुको उत्पादशील समय खेर गएको होला ? यो त लेखाजोखा गरेर साध्य नै छैन । पारिवारिक र सामाजिक मूल्यमान्यता जान्नु पर्ने, भविष्यको लागि असल बानी निर्माण गर्नु पर्ने, जीवनोपयोगी सीप सिक्नु पर्ने बालबालिकालाई आमा बाबुले नै समाजिक सञ्जाल र कुनै किसिमको फाइदा नगर्ने शारीरिक र मानसिक दुबैदृष्टीले हानीकारक कार्टुन र भिडियोहरु देखाएर समयको वर्वादी । नेपालमा पनि “समय आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन”, रात रहे अग्राख पलाउँछ भन्ने भनाइ प्रचलनमा नभएका पनि होइनन् । समय कसैले रोकेर रोकिदैन, आज प्रयोग नभएको सयम भोली प्रयोग गर्दछु भनेर सकिदैन । हाम्रो समाज, देशले विकासमा पछि पर्नु, अरु उन्नतिको शिखरमा पुग्दा हामी फेदीमा नै लडखडाउनुको प्रमुख कारक समयको महत्व नबुझनु र धेरै कामकाजी व्यक्ति तथा उत्पादनशील जनशक्तिको समय विना उपलब्धि खेर जानु हो । थोपा थोपा पानी चुहिएको छ भने ठुलै गाग्राको पानी पनि रात भरिमा सकिन्छ भने थोपा थोपा थपिएको छ भने रातभरीमा रित्तो रोहोचे पनि भरिन्छ । हामी सवै नेपाली नागरिकको मिनेट मिनेटको सयम खेर नजाने र सदुपयोग हुने परम्परा बसाउन सक्ने हो भने सधै पछौटे देशका नागरिक भनि विश्वमा चिनिनु पर्ने थिएन कि । समयको विषयमा सम्वेदनशील हुने, सदुपयोग गर्ने, खेर नफाल्ने परम्परा बसाउन उच्च पदमा रहेका व्यक्तित्व, राजनितिक नेता, पेशाकर्मी, सचेत नगारिकले आफ्नैबाट प्रयास थाल्नु पर्दछ । परिवर्तन गर्दा सुरुमा केही कठिनाइ आउनु स्वभाविकै हो अत अफ्ट्यारो नै परेपनि, मुर्ख सावित भए पनि ठीक समयमा तोकिएको काम सम्पानद गर्ने प्रयास गरौं । जहिले पनि जहाँ पनि ढिलो हुने नेपाली पहिचान होइन । हाम्रो व्यवहारमा सुधार गरौं, सोचमा परिवर्तन गरौं । विश्वमा बाहादुरहरु अर्को किसिमबाट भन्दा मुर्खको देश भन्ने भाष्यलाई परिवर्तन गरी समयको विषयमा सवै भन्दा सम्वेदनशील, सिर्जनात्क क्षमता भएका नागरिक बस्ने देश नेपाल हो भनि पहिचालनाई स्थापित गरौं । हाम्रो देश नेपाल र हामी नेपालीको भलो यसैमा छ ।

*-समकालीन साहित्य डटकम*

कथा — मानबहादुर चौधरी 'पन्ना'

# रिठेको राजनीति




हिजोअस्तिका दिनसम्म सुनसान देखिने गैरी भञ्ज्याङ गाउँमा फेरि चहलपलह बढेको थियो । गाउँका टाठाबाठाहरु चलमलाउन थालेका थिए । किनकि उनीहरुको कमाइ हुने दिन नजिकिदै थियो । देशभर चुनावको महामेलाको समय थियो । अघिल्लो चुनावमा गैरी भञ्ज्याङका रिठेले तीन पार्टीबाट मनग्य आम्दानी गरेको कुरा चुनाव सकिएको करिब वर्ष दिनपछि थाहा भएको थियो । उसलाई पैसो दिएका पार्टीका नेताबाट नै यो कुरा गाउँले युवाहरुले थाहा पाउँदा निकै पछुताएका थिए । रिठेले प्लस टु गरी १८ महिने सब इन्जिनियर प्राविधिक शिक्षा पनि उत्तीर्ण गरेको थियो । २०७२ सालमा नेपालको गोर्खाको बारपाकमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण सोही बेला भूकम्प पीडित मानिसका भत्किएका घरको पुनर्निर्माणका लागि सरकारले अस्थायी करारमा विभिन्न जनशक्तिको व्यवस्थापन गर्ने क्रममा उसले जागिर पाएको थियो । केही समयपश्चात् ऊ जागिरबाट निस्केपछि व्यापार व्यावसायमा पनि हात हालेको थियो । व्यापारमा पनि लगानी डुबेपछि ऊ राजनीतिमा हाम फालेको थियो । आजभोलि उसको निकै फस्टाएको व्यापार राजनीति भएको छ, लगानीबिनाको आम्दानी । हरेक चुनाव उसको लागि कमाइ गर्ने मौसम नै बनेर आउँछ । देशका मुख्य दल मानिएका सबै दलसँग सेटिङ मिलाउन माहिर खेलाडी हो रिठे । उसको सेटिङमा माझ गाउँका दलबिरे र तल्लो गाउँका लालबिरे पनि सामेल छन् । उसले माझ गाउँका दलबिरेलाई एउटा पार्टीको मोर्चा सम्हाल्न लगाएको छ भने लालबिरेलाई अर्को मुख्य दलको पार्टीको सेटिङमा लगाएको छ । यी तिनैजना हुन्, गाउँलेलाई गुमराहमा राख्ने पात्र । विचरा ! गाउँका सिधासादा गाउँलेहरुले यो कुराको भेउ नै पाउँदैनन् । जगबिरे काँइलाका छोरा रिठेको गाउँलेलाई हरेक चुनावमा आफूले सेटिङ मिलाएको नेतालाई मत दिन सहमत गराउने र मोटो रकम असुल्ने उसको विशेषता थियो । नेतालाई गाउँमा ल्याएर खानेपानीको बोरिङ खनाउने, घर अगाडिको बाटो बनाउने, कालोपत्रे गर्ने, नाला निर्माण, विद्यालयको भवन यस्तै यस्तै माग पनि उठाउँथ्यो, रिठेले । यसरी गाउँलेहरु भरोसा गरेर रिठेलाई नै गाउँका नेता पनि मान्थे र उसले भनेको दल र नेतालाई मत दिन्थे । गैरी भञ्ज्याङ गाउँमा अर्का एकजना सामान्य व्यापारी रङ्गिबिर पनि थिए । गाउँमा सबैजसो इमानदार मानिस बस्थे । तर, झुपबहादुरको छोरा रङ्गबिरको चाहिँ भिन्न तर्क राख्थ्यो । रङ्गबिर सहकारीबाट ऋण गरेर सानोतिनो व्यापार गरेर जीवन गुजारा गरेका थिए । उसका कुरामा गाउँका केही युवा पुस्ताले विश्वास गर्थे । उसले राजनीति नगरे पनि नेपालको राजनीति राम्रैसँग बुझेको थियो । वर्षौंदेखि देशमा राजनीतिक अस्थिरताले गाउँका सयौ युवाहरु विदेशिनु, उद्योग कलकारखाना नहुनु, कृषिमा आधुनिकीकरण नहुनु, गाउँका दाजुभाइका कृषि उत्पादनले बजार नपाउनु, बाटोघाटको विकास नहुनुले गाउँलेहरु दु:ख पाएको यथार्थ ऐनाजस्तै छर्लङ्ग थियो । तैपनि रिठेले नानाभाँती प्रलोभनमा गाउँको मन जितेर आफ्नो दुनो सोझ्याउने काम वर्षौंदेखि गर्दै आइरहेको थियो । यसै क्रममा चुनाव पनि नजिकिँदै थियो । रिठेको गाउँघरतिरको दौडधुप पनि बढ्न थालेको थियो । उसले गाउँलेहरुलाई यस पटक पनि आफ्नो पक्षकोलाई मत हाल्नका लागि के गर्ने भन्ने उपाय सोच्दै थियो । उसले गाउँको भेला बोलायो र भन्यो, “हेर्नुस् गाउँले दाजुभाइ तथा दिदी बहिनी आमाबुवाहरु यस पटक पनि हाम्रा नेता चुनावमा उठ्या छन् । अब छिट्टै चुनाव पनि नजिकिँदैं छ । तपाईहरु कत्ति पनि दोधारमा नपर्नुहोला । मैले भनेको चुनाव चिन्हमा झ्याप्प छाप लगाउनु होला । विकासका लागि एकदमै राम्रो उम्मेदवार छन् ।” त्यो भेलामा रङ्गबिर पनि उपस्थित थियो । उसले भन्यो, “रिठे दाइले भनेको कुरामा विश्वास गरिहाल्नु उचित छैन । बरु चुनावमा उम्मेद्वारी दिएका कुन नेता हुन् ? कस्ता एजेण्डा छन् ? पुराना दल, नयाँ दल भन्छन् । पहिला सांसद बनेका हरिबहादुरजस्तै गफाडी र काम नगर्ने पो हुन् कि ? गाउँलेका लागि यो बनाइदिन्छु, त्यो गरिदिन्छु भन्दै बकम्फुसे रहेछ भने पाँच वर्ष व्यर्थै जान्छ । देशले पनि गति लिन सक्तैन । हामीलाई त भड्खालोमा पार्छ पार्छ । देश पनि डुबाउन सक्छ । साथीहरु हो, यसपालिको चुनावमा नयाँ ढङ्गले सोच्ने हो कि ?” उक्त भनाईले गाउँका केही मानिसहरु सहमत भए । केही दिन पछि गाउँमा छुट्टै भेला गरियो । चुनावको प्रचारप्रसारको क्रममा केही दिन सदरमुकाम गएको थियो रिठे । ऊ राजनीतिक दलका ठूला भनाउँदासँग कसरी मोटो रकम असुल्न सकिन्छ भन्ने ध्याउन्नमा त्यता पसेको थियो । ऊ गाउँमा फर्केपछि माझ गाउँका दलबिरे र तल्लो गाउँका लालबिरेसँग पनि गोप्य बसाइँ गरिसकेको थियो । आफूहरु विरुद्धमा रङ्गबिर गाउँमा गाउँलेलाई भड्काएको आरोप लगाएर आनो गाउँमा दलबिरे र लालबिरेलाई मतदातालाई रकम बाँड्ने, भोजभतेरको चाँजोपाँजो मिलाइसकेको थियो । गैरी भञ्ज्याङ गाउँमा दलबिरे र लालबिरे कन्सुत्ला झै गाउँलेलाई रङ्गबिरविरुद्ध उक्साए । नेताबाट पैसा खाएर गाउँमा व्यापार गरेको सम्म भन्न भ्याए । गाउँमा खान पल्केका केही खन्चुवा ब्वाँसाहरु थिए । चुनावमा पुरानै नेता हरिबहादुर उठेका थिए । गाउँलेसँग उम्मेदवारीको साक्षात्कार गराए मत गुम्ने पक्कापक्की थियो । किनकि हरिबहादुर त्यो क्षेत्रबाट पटक पटक चुनाव जितेर पटक पटक मन्त्री पनि बनिसकेका थिए । दुर्भाग्य त्यो गाउँमा चुनाव जितेपछि न विकास गरे न फर्केर आए, मात्र चुनावका वेला आउने गर्थे । रिठेले माझ गाउँका दलबिरे, तल्लो गाउँका लालबिरेको सेटिङमा गाउँलेलाई आफ्नो पक्षमा ल्याउन गाउँका वृद्ध बुवाआमाको खुट्टै ढोगेर आफूले भनेकै पार्टी र नेतालाई मत हाल्न वाचा कसम खान पनि भ्यायो । गाउँमा विभिन्न दलका नेता कार्यकर्ता आउने जाने क्रम बढेकै थियो । सुनसान गाउँमा घोषणा पत्र, पर्चा पम्पलेट लिएर ढ्वाङ फुक्थे । आआफ्ना दलका नेतालाई लिएर कार्यकर्ताहरु जनतासँग मत माग्दै नारावाजी गर्थे । गाउँमा जात्रा मेला चलेको छ, जस्तो लाग्थ्यो । रिठेले पार्टीका नेताबाट सदरमुकाम गएको वेला रकम असुली सकेको रहेछ । एक दिन रिठेले आफ्नो घरमा गाउँमा भोजभोतेरको आयोजना गरेको थियो । उक्त भोजमा गाउँमा को को विरोधी छन् ? तिनलाई मासुभात, वियर खुवाएर विरोधी युवालाई आफ्नो बनाइ छाड्यो । उता गाउँका सोझा दिदीबहिनीलाई गुन्युचोली, चप्पल पाएर मख्ख थिए । रिठे र उसका साथी दलबिरेले राती राती गुन्युचोली, चप्पल दिने क्रममा साइली पुकुली बज्यैलाई एकै गोडाका एक जोर चप्पल परेछ । भोलिपल्ट बिहानै दाहिने दाहिने चप्पल लगाएर निकै खुसीका साथ रङ्गबिरको पसलमा पुगेकी थिइन् पुकुली बज्यै । उनी नयाँ एक हजार रुपैयाको नोट दिएर एक पाकेट बिंडी मागेकी रहेछिन् । रङ्गबिरले पुकुली बज्यैको खुट्टामा दुबै दाहिने दाहिने चप्पल देखेपछि अचम्म पर्दै सोधेछन्, “पुकुली बज्यै भोट हाल्न जानलाई नयाँ चप्पल किनेर ल्याउनु भएछ कि क्या हो ?” “का किन्नु नाति आज राती त्यै रिठेले दिया त हो नि । मैले भन्या ठाउँमा भोट हाल्नु भन्दै थियो । बुहारीलाई पनि नयाँ गुन्यु चोली दियो । छोरोलाई त वियर पनि खुवाएछ मोराले । अस्ति घरदैलो कार्यक्रममा नयाँ नेतालाई ल्याएर भेटघाट गरायो । यसपालि त नेता पनि नयाँ रहेछन् नाति ।” रङ्गबिर अक्मकियो । किनकि त्यही पुरानै दलका भ्रष्ट नेता उनै हरिबहादुर चनावमा टिकट पाएका थिए । गाउँमा हरिबहादुर छिरेकै थिएनन् । रिठेले हरिबहादुरलाई गाउँले भोट दिदैनन् भनेर सेटिङमा एकजना नयाँ अनुहारका अरुलाई नेता बनाएर घर घरमा भेटाएका रहेछन् । उनी पुकुली बज्यैलाई ए ए भन्दै एक पाकेट बिंडी पनि दिए । रिठेको यस्तो चाला खासै नौलो होइन । अघिल्लो वर्ष गाउँमा आएको सडक मर्मत नाला निर्माण योजनामा आनै श्रीमतीलाई अरुको श्रीमती भनी कोषाध्यक्ष बनाएको थियो र आफू अध्यक्ष भएर लाखौ रकम हसुरेको थियो । पुकुली बज्यै प्राय: घरकै काँचो पातको तमाखु खाने गर्थिन् । आज एकाबिहानै त्यो पनि हजारको नयाँ नोट लिएर पसलमा बिंडी किन्न आएकोमा अचम्मित परे रङ्गबिर । ठट्टा गर्दै रङ्गबिरले भने -“यो त हातै काट्ने जस्तो नयाँ नोट दियौ, बज्यै भत्ता बुझ्नु भो कि क्या हो ।” “का बुझ्नु नाति । यै चप्पल दिन आ वेला त्यो रिठेले त दिएको हो नि । अघि भने त भोट माग्न आयाथ्यो भनेर ।” रङ्गबिरले उत्सुकतापूर्वक सोध्यो, “कति दिएछन् त रिठे दाइले ।” “खै, के भनु नाति मलाई त यै एउटै दिए । छोरा बुहारीसँग खासखुस कुरा गर्दै यस्तै पाँच सात वटा गनेको देख्या थे ।” रङ्गबिरले गाउँमा केही युवा जम्मा गरेर यसबारे बुझ्न कोसिस गर्यो । जो जो विरोधी थिए, ती सबै अब रिठेका भइसकेका थिए । यो सब सेटिङमा भएको थियो । ती परिवर्तन चाहनेहरु पनि रङ्गबिरका खिल्ली उडाइरहेका थिए । यसले गर्दा रङ्गबिरको अनुहारको रङ उडिसकेको थियो । अघिल्लो चुनावपछि पनि गाउँमा विकासको योजना आएको रहेछ । त्यो पनि लालबिरे, दलबिरेको सेटिङमा कागजी विकास गरी करोडौंको बजेट कुम्ल्याएको रहेछ रिठेले । यसरी सेटिङमा कति दिन देश चल्ने हो भनी रङ्गबिर निराश हुँदै घरतिर लाग्यो ।

*-साहित्यपोस्ट डटकम*

# तानसेनमा साहित्यिक प्रतियोगिता

**पाल्पा,** फागुन ६/जिल्लाको तानसेनमा साहित्यिक प्रतियोगिता भएको छ । तानसेन नगरपालिका वडा नं. ३ भित्रका विद्यालयहरुबिच प्रतियोगिता भएको हो ।

साहित्यिक कार्यक्रम आयोजक समिति तानसेनको आयोजना, पाल्पा साहित्य समाजको समन्वय र वडा कार्यालयको आर्थिक सहयोगमा बुधबार पद्म पब्लिक नमूना माध्यमिक विद्यालयको सभाहलमा प्रतियोगिता भएको हो । विद्यार्थीहरुमा साहित्यप्रति रुची जगाई साहित्य क्षेत्रमा नयाँ जागरण ल्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको समितिका संयोजक पुष्करराज रेग्मीले बताए । उनका अनुसार विद्यार्थीहरुबिच लघुकथा वाचन, कविता लेखन तथा वाचन र वक्तृत्वकला विधामा प्रतिस्पर्धा गराइएको थियो । प्रतियोगितामा वडा भित्र रहेका पद्म पब्लिक नमूना माध्यमिक विद्यालय, जनता नमूना माध्यमिक विद्यालय, पाल्पा आवासिय माध्यमिक विद्यालय, पाल्पा प्यारागन बोडिङ्ग स्कूल र सेन्ट कपितानियो इङ्गलिस बोडिङ्ग स्कूलका १५ जना विद्यार्थीले सहभागिता जनाएका थिए । प्रतियोगितामा लघुकथातर्फ पाल्पा प्यारागन इङ्गलिस बोडिङ्ग स्कूलकी छात्रा भूमिका बस्याल प्रथम, पाल्पा आवासिय मा.वि.का छात्रा कृष्टी बस्याल द्वितीय, जनता मा.वि.का छात्रा अलिन्सा घिमिरे तृतीय र सेन्ट कपितानियो इङ्गलिस बोडिङ्ग स्कूलका छात्र वैवभ कार्कीले सान्त्वना स्थान प्राप्त गरेका छन् । यस्तैगरी कविता लेखन तथा वाचन प्रतियोगितातर्फ पाल्पा प्यारागनकी कौशल्या बस्याल प्रथम, सेन्ट कपितानियोकी प्रदिप्ती नेपाल द्वितीय, पपकी आसा गन्धर्व तृतीय र जनता



माविकी तुलजा नेपाल सान्त्वना भएका छन् । यस्तै वक्तृत्वकला प्रतियोगितातर्फ सेन्ट कपितानियोकी रियाना नेपाल प्रथम, प्यारागनकी केकी बस्याल द्वितीय, जनता माविकी प्रेस्का घिमिरे तृतीय र पाल्पा आवासियकी छात्रा लजिना कार्की सान्त्वना भएका छन् । प्रतियोगिताका विजेता तथा सहभागी समूहलाई नगद, शैक्षिक सामग्री र प्रमाण पत्र प्रदान गरिएको थियो । विजेता विद्यार्थीलाई कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिका -३ का वडाका अध्यक्ष बाबुरत्न शाक्यले पुरस्कार प्रदान गरेका थिए । पुरस्कार प्रदान गर्दै उनले प्रतियोगिताले विद्यार्थीको साहित्यिक प्रतिभा पहिचान र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले भौतिक पूर्वाधार मात्र विकास नभई शैक्षिक, साहित्यिक विकास पनि समाजको अभिन्न अङ्ग भएकाले वडाले आगामी वर्षमा पनि यस्ता कार्यक्रममा पर्याप्त बजेट विनियोजन गर्ने बताए । पाल्पा साहित्य समाजका संरक्षक तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंहले साहित्य क्षेत्रको विकासमा यस्ता प्रतियोगिताहरु महत्वपूर्ण हुने बताए । उनले पछिल्लो समय नयाँ पुस्ताहरुमा साहित्यप्रति रुची घट्दै गएका बेला साहित्यिक कार्यक्रम आयोजक समितिले विद्यार्थीहरुमा प्रतियोगिता आयोजना गर्नु रचनात्मक कार्य भएको उल्लेख गरे । कार्यक्रममा तानसेन नगरपालिकाका सामाजिक विकास समिति संयोजक एवम् लेखा अधिकृत कोशलराज घिमिरे, पाल्पा साहित्य समाजका सल्लाहकार चित्रवलीराम सुवाल, पाल्पा प्यारागन वोडिङ्ग स्कूलका प्रिन्सिपल गंगाबहादुर खत्री, पद्म पब्लिक नमूना माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक गोविन्द प्रसाद नेपाल, सहायक प्रधानाध्यापक सीता अधिकारी, स्वतन्त्र पत्रकार संघ पाल्पाका अध्यक्ष एवम् परेवा पाक्षिक पत्रिकाका सम्पादक भोजराज भट्टराई,साहित्यकार प्रेमराज खराल लगायतले वडातहमा आयोजना गरिने साहित्यिक कार्यक्रमहरूले स्थानीय प्रतिभाहरूको प्रवर्द्धन, सांस्कृतिक जगेर्ना र सामाजिक चेतना वृद्धिमा सहयोग पुग्ने बताए । प्रतियोगितामा चित्रवलीराम सुवाल, चन्द्रकान्त न्यौपाने, गोविन्द प्रसाद नेपाल, प्रेमराज खराल, सविता भट्टराई र पुरुषोत्तम अर्याल निर्णायक मण्डलको भूमिकामा रहेका थिए । समितिको संयोजक पुष्कर अथक रेग्मीको अध्यक्षता, सदस्य इन्दिरा ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# टी-२० विश्वकपमा नेपालको सान्त्वना जीत



**काठमाडौं,** फागुन ६/दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा नेपालले टी-२० विश्वकप क्रिकेटमा स्कटल्यान्डलाई ७ विकेटले हराएको छ । दीपेन्द्रले लगातार दोस्रो खेलमा पनि ५० भन्दा माथि रन बनाए । नेपालले जीतका लागि पाएको एक सय ७१ रनको लक्ष्य अन्तिम ओभरमा ४ बल अगाडि नै पूरा गर्यो । नेपालले १२ वर्षपछि विश्वकपमा पहिलो खेल जितेको हो । तेस्रो पटक विश्वकपमा सहभागिता जनाएको नेपालको विश्वकपमा कूल तेस्रो जीत पनि हो । सन् २०१४ मा बङ्गलादेशको चित्तागोङमा अफगानिस्तानलाई पराजित गरेयता नेपालले विश्वकपमा एउटै खेल जित्न सकेको थिएन । यो विश्वकपमा नेपाल इंग्ल्यान्डसँग ४ रन, इटालीसँग १० विकेट र वेस्ट इन्डिजसँग ९ विकेटले पराजित भएको थियो । यी तीन खेल हारेर नेपाल यसअघि नै दोस्रो चरणको दौडबाट बाहिरिसकेको थियो । मुम्बईको वानखडे रंगशालामा आफ्नो अन्तिम खेलमा स्कटल्याण्डलाई हराउँदै नेपालले सान्त्वना जीत निकालेको हो । दीपेन्द्रले २३ बलमा अर्धशतक ५० रन बनाए । त्यसअघि ओपनर माइकल जोन्सको ७१ रनमा स्कटल्यान्डले नेपाललाई १ सय ७१ रनको लक्ष्य दिएको थियो । स्कटल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ७० रन बनायो । जीतपछि नेपालका कप्तान रोहितकुमार पौडेलले यो टी-२० विश्वकपमा धेरै महत्त्वपूर्ण अनुभव बटुलेको र यसक्रममा विश्व क्रिकेटले नेपाललाई नजिकबाट बुझ्ने अवसर पाएको बताएका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट




**काठमाडौं,** फागुन ६/ बुधबार स्थानीय बजारमा सुनचाँदीको मूल्यमा सामान्य गिरावट आएको । मंगलबारको तुलनामा सो दिन सुन तोलामा रु एक हजार ५०० ले घटेको छ भने चाँदी पाँचले घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार एक तोला छापावाल सुनको मूल्य तीन लाख ४०० तथा एक तोला चाँदीको मोल चार हजार ८ सय ८० निर्धारण भएको छ । मंगलबार एक तोला छापावाल सुनको मूल्य तीन लाख एक हजार ९ सय तथा एक तोला चाँदीको मोल चार हजार ८ सय ८५ निर्धारण भएको छ । गत सोमबार एक तोला छापावाल सुनको मूल्य तीन लाख दुई हजार ८ सय तथा एक तोला चाँदीको मोल चार हजार ८ सय ६० निर्धारण भएको छ । साताको पहिलो दिन आइताबार बजार खुल्दा प्रतितोला छापावाल सुन तीन लाख पाँच हजार ८ सय र त्यति नै चाँदी रु चार हजार ९ सय ८५ मा खरिदबिक्री भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बुधबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ९ सय २० अमेरिकी डलर तथा त्यति नै परिमाणको चाँदी ७५ अमेरिकी डलरमा कारोबार भइरहेको छ । *-रासस*

# प्रजातन्त्रको ७६ वर्ष...

...जसले गर्दा मुलुकले अझै पनि स्थायित्व प्राप्त गर्न सकेको छैन् । २००७ सालमा प्रजातन्त्र आएपछि पहिलो प्रधानमन्त्री मोहनशमशेर जबरा भए । उनको शासन पनि लामो टिकेन । त्यसपछि मात्रिकाप्रसाद कोइराला प्रधानमन्त्री बने । पार्टीभित्रकै खिचातानी र विवादले कोइराला पनि छोटो समयमा सत्ताबाट बाहिरिनु पऱ्यो । त्यसपछि डा. केआइ सिंह, टंकप्रसाद आचार्य प्रधानमन्त्री बने । उनीहरूको अवधि पनि छोटो नै रह्यो । त्यसपछि सुवर्णशमशेर राणालाई मन्त्रिपरिषद्को अध्यक्ष बनाइयो । उनले २०१५ सालको आमनिर्वाचन गरे । अनि बीपी कोइराला प्रधानमन्त्री बने । राजा महेन्द्रले २०१७ सालमा कोइरालाको दुईतिहाइको सरकारलाई अपदस्थ गरी सत्ता आफ्नो हातमा लिए । २००७ देखि २०१७ सालसम्म अस्थिर नै समय रहयो । पञ्चायत आएपछि पहिलो मन्त्रिपरिषद्को अध्यक्ष डा. तुलसी गिरी बने । त्यसपछि सूर्यबहादुर थापा मन्त्रिपरिषिद्कै अध्यक्ष बनाइए । २०२५ सालमा आएर मात्रै कीर्तिनिधि विष्टलाई प्रधानमन्त्री बनाइयो । नागेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द, मरिचमान श्रेष्ठ प्रधानमन्त्री भए । पञ्चायतमा आलोपालो गरेर पुरानैअनुसार दोहोऱ्याइयो तर पूरा अवधि भने कसैलाई पनि बनाइए । २०४६ पछिको अवस्था पनि यस्तै छ । अन्तिमकालमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने । त्यसपछि आमनिर्वाचनले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनायो । कांग्रेसबाट बहुमतसहित प्रधानमन्त्री बनेका कोइरालाको सरकार पनि ३ वर्षभन्दा लामो समय टिकेन । २०५१ मा मध्यवधि भयो । एमालेका अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री बने । उनको सरकार लोकप्रिय भए पनि ९ महिनाभन्दा बढी टिकेन । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री भए । देउवापछि लोकेन्द्रबहादुर चन्द, सूर्यबहुर थापा प्रधानमन्त्री बने । पुन: गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । २०५१ देखि २०५६ को अबधिमा अझ धेरै सरकार परिर्वतन भए । २०५६ सालको निर्वाचन पनि कांग्रेसले बहुमत ल्यायो तर कांग्रेसबाटै प्रधानमन्त्री बनेका कृष्णप्रसाद भट्टराई छोटा अबधिमा पदच्युत गरियो । फेरि गिराजाप्रसाद कोइराला प्रधानमन्त्री बने । कोइरालापछि देउवा बने । राजा ज्ञानेन्द्रले अक्षम भन्दै देउवालाई हटाएर सत्ता आफ्नै हात लिए । २०६२/६३ को जनआन्दोलनपछि धेरै प्रधानमन्त्री परिवर्तन भए । पहिलो संविधानसभाबाट पुष्पकमल दाहाल प्रधानमन्त्री बने । उनको सरकार ९ महिनामा ढल्यो । त्यसपछि माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराई प्रधानमन्त्री बने । निर्वाचन गराउनका लागि दलहरूले प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष पनि त्यही अबधिमा बनाए । २०७० को दोस्रो संविधान सभापछि सुशील कोइराला प्रधानमन्त्री भए । त्यसपछि एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भए । ओलीपछि दाहाल, दाहालपछि देउवा एक अर्कामा आलोपालो जस्तै बन्दै आए । यस अघि प्रधान्मन्त्री रहेका ओली नेतृत्वको सरकार जेनजी आन्दोलनपछि ढल्यो र हाल अन्तरिम सरकारको नेतृत्व शुसिला कार्कीले गरिरहेकी छन् । प्रजातन्त्र प्राप्तिका लागि योगदान दिएका महान् योद्धा र उनीहरुको सपनालाई साकार पार्ने संकल्पका साथ हरेक वर्ष फागुन ७ गते अर्थात् आजकै दिन राजनीतिक दल र सरकारले विभिन्न कार्यक्रम गरी २००७ फागुन ७ गतेको स्मरण गर्छन्, र प्रजातन्त्र दिवसको महत्वबारे व्याख्या गर्छन् । तर, दुखको कुरा प्रजातन्त्रको मर्म र भावना कसैले आत्मसात् गर्न सकेका छैनन् । जसका कारण मुलुकले स्थायित्व पाउन सकेको छैन । प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले प्रत्येक वर्ष औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ । सबै जिल्लामा पनि यो दिवस मनाईंदै आएको छ । दिवसका अवसरमा आज सरकारले सार्वजनिक विदा समेत दिएको छ ।

# तोरीखेतीको...

...तोरीखेती गर्ने किसानले क्षेत्रफलसमेत विस्तार गर्दै गएका छन् । किसानले प्रतिक्विन्टल १४ हजारमा तोरी बिक्री गरेको बताएका छन् । पश्चिम क्षेत्रमा उन्नत जातका तोरीखेती गर्दै आएको केसीले बताए । किसानलाई तोरी जोनले बीउमा ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग तथा प्रविधिमासमेत अनुदान दिँदै आएको छ । तोरीखेती छिटो उत्पादन लिने बाली भएकाले गहुँ लगाउने किसान पनि तोरीखेतीतर्फ आकर्षित हुन थालेका छन् । जिल्लामा सबैभन्दा बढी शान्तिनगर गाउँपालिका, बबई गाउँपालिका र दङ्गीशरण गाउँपालिकामा तोरीको व्यावसायिक खेती गर्ने किसानको संख्या धेरै रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

*---रासस*


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

**प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं।**

-प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
-आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो।
-शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो ।
-मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन् ।
-प्रतिनिधिहरूमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो।
प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं । राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई